कान्तिपुर बिहीबार, १ भदौ, २०५७
KANTIPUR, Thursday, August 17, 2000

# एसिया प्रशान्त फोटो प्रतियोगितामा सात नेपाली पुरस्कृत



एसिया प्रशान्त क्षेत्रमा पुरस्कृत भएको सागर श्रेष्ठको 'ह्याप्पी वाकिङ' शीर्षकको तस्वीर ।

काठमाडौं, ३२ साउन (कास)- युनेस्कोको एसिया प्रशान्त सांस्कृतिक केन्द्र जापानले आयोजना गरेको फोटो प्रतियोगितामा नेपालका सात फोटो पुरस्कृत भएका छन् ।

जापानस्थित सांस्कृतिक केन्द्रले एसिया प्रशान्त क्षेत्रको कला, संस्कृति र रहन-सहनसम्बन्धी प्रत्येक वर्ष आयोजना गर्ने फोटो प्रतियोगितामा यसपटक २३ राष्ट्रका ४ हजार ७ सय ८७ वटा फोटो सहभागी भएका थिए । 'लिभिङ इन हार्मोनी' शीर्षक राखेर आयोजना गरिएको यसपटकको प्रतियोगितामा कान्तिपुर पब्लिकेशन्सको सहप्रकाशन साप्ताहिकका संवाददाता मुकुन्द बोगटीको 'ग्रेटनेस अफ मदर सोल' शीर्षकको फोटो पुरस्कृत भएको थियो ।

यसैगरी कान्तिपुर साप्ताहिकसँग सम्बद्ध फोटो-पत्रकार सागर श्रेष्ठको 'ह्याप्पी वाकिङ', किरण पाण्डेको 'सर्भिस : अफ हार्मोनी' पनि पुरस्कृत भएका थिए भने स्वतन्त्र फोटोग्राफर प्रदीप शाक्यको 'हेल्पिङ ग्रायन्डपा', प्रशान्त श्रेष्ठको 'लिभिङ इन हार्मोनी', किशोर महर्जनको 'टुगेदर' र घलेबहादुर डंगोलको 'हेय इज ह्वाट वि से' शीर्षकको फोटोले पुरस्कार प्राप्त गरेका थिए ।



This picture titled "Happy Walking" of Sagar Shrestha achieved an award in the Asia Pacific region recently. Shrestha is a photographer with Kantipur Publications. *Post Photo*